# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## भकुण्डेवेशी, काभ्रेपलाञ्चोक

### सूचना प्रविधि अधिकृत करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना
### (प्रथम पटक प्रकाशित मितिः २०८०।५।१३)

यस नमोबुद्ध नगरपालिकामा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)को लागि नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सूचना प्रविधि अधिकृत करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा रीतपूर्वक तोकिएको फाराम भरी दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**माग गरिएको पदः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | सूचना प्रविधि अधिकृत | छैटौ | १ (एक) | |

१. न्यूनतम योग्यताः

क. कम्प्यूटर साइन्समा स्नातक वा कम्प्यूटर इञ्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साइन्स लिई ३ वर्षे स्नातक वा विज्ञानमा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशिस डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा ९ महिनाको डिप्लोमा प्राप्त ।

ख. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठरिएको।

२. दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साविकका स्थानीय निकाय वा हालका स्थानीय तहहरुमा छैटौ तह सरहको पदमा काम गरेको भए सो कामको अनुभव पत्र,

३. दरखास्त दस्तुरः १०००।— (अक्षरेपी रु एक हजार मात्र) नगरपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

४. परीक्षाको किसिमः नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

५. काम गर्नु पर्ने स्थानः नमोबुद्ध नगरपालिकाको कार्यपालिकाको कार्यालय।

६. तलब भत्ता तथा सेवा सुविधाः नियमानुसार।

७. अन्य सेवा सुविधा तथा कार्यविवरणः नियमानुसार

८. परीक्षाको मिति, समय र स्थानः पछि तोकिनेछ।

९. दरखास्त पेश गर्ने स्थानः नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भकुण्डेवेशी, काभ्रे।

द्रष्टव्यः सम्पर्क नं ९८६७८०८६१३, ९८४१०३३४८७